# स्थानीय राजपत्र

## देवघाट गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ७ संख्याः १ मितिः २०८०/०१/३१

भाग — २

देवघाट गाउँपालिका

## देवघाट गाउँपालिकाको वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने अनुदान कार्यक्रम सम्बन्धी मापदण्ड, २०८०

## देवघाट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देवघाट, तनहुँ

गण्डकी प्रदेश, नेपाल

# देवघाट गाउँपालिकाको वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने अनुदान कार्यक्रम सम्बन्धी मापदण्ड, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः२०८०/०१/३१

प्रमाणित मितिः २०८०/०१/३१

**प्रस्तावनाः** देवघाट गाउँपालिका क्षेत्र भित्रका वैदेशिक रोजगारबाट फर्केका युवाहरुले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूँजी, सीप, प्रविधि र अनुभवलाई नेपालमा नै उद्यमशीलताको विकास तथा सीपको प्रवद्र्धनमा उपयोग गराई स्वदेशमा नै व्यवसाय सञ्चालन गरेका वा गर्ने योजनालाई उद्यमशीलताको माध्यमबाट स्वरोजगार सृजना गरी आर्थिक उन्नति गर्न सहज होस् भनी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी देवघाट गाउँपालिका गाउँ कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "देवघाट गाउँपालिकाको वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने अनुदान कार्यक्रम मापदण्ड, २०८०" रहेको छ ।

(२) यो मापदण्ड देवघाट गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) "गाउँपालिका" भन्नाले देवघाट गाउँपालिका सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले देवघाट गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले देवघाट गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले देवघाट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले देवघाट गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले यस मापदण्डको दफा नं. ११ मा रहेको समितिको सदस्य सम्झनु पर्छ ।

(छ) "रिटर्नी" भन्नाले वैदेशीक रोजगारबाट नेपाल फर्किएका नेपाली कामदार सम्झनु पर्छ ।

(ज) "सामी" भन्नाले सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन गर्नका लागि बनेको संस्था सम्झनु पर्छ ।

(झ) "निर्देशिका" भन्नाले वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ सम्झनु पर्छ ।

(ञ) "व्यवसाय" भन्नाले स्वरोजगार सृजना गरी आय आर्जन गर्ने कार्य सम्झनु पर्छ ।

(ट) "रोजगार सेवा केन्द्र" भन्नाले रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा १० बमोजिमको रोजगार सेवा केन्द्र सम्झनु पर्छ ।

## परिच्छेद २

## उद्देश्य तथा कार्यक्षेत्र सम्बन्धी व्यवस्था

३. **उद्देश्यः** केही वर्ष यता विश्वभर फैलिएको कोभिडका कारण वैदेशिक रोजगारीमा गएकाहरु स्वदेश फर्की आफूले प्राप्त गरेका सीप प्रयोग गरी रोजगार सिर्जना गरेका र गर्न खोजेको पाइन्छ । उनीहरुले आफूले रोजेको र आफूसँग भएको ज्ञानलाई प्रयोग गरी व्यवसाय सञ्चालन गर्न गाउँपालिकाबाट केही बीऊपूँजीको रुपमा आर्थिक सहयोग प्राप्त भएमा त्यस्ता उद्यमीहरुले आय आर्जन गर्न सक्नेछन् भने समग्र गाउँपालिकालाई समेत उद्योग, कृषि, पशुपंक्षी पालन र स–साना घरेलु उद्योग सञ्चालन गरी आफ्नो गाउँपालिकामा बिक्री वितरण गर्न सक्ने छन् भन्ने अपेक्षा राखिएको छ ।

**४. अनुदान सहयोग कार्यक्रमका क्षेत्रहरुः**

(क) कृषि विकास तर्फः

१) सामुहिक वा एकल रुपमा तरकारी खेती, फलफूल खेती, मौरीपालन र माछा पालन व्यवसाय सञ्चालन गरी व्यवसायिक रुपमा गर्दै आएका रिर्टनी युवाहरु यो अनुदान नीति भित्र पर्दछन् । साथै यसरी कृषि व्यवसाय सञ्चालन गर्दा कम्तिमा २ रोपनी भन्दा बढी क्षेत्रफलको जग्गामा व्यवसाय सञ्चालन गरेको हुनु पर्नेछ ।

२) एकल रुपमा समेत ठूलो मात्रामा माथि उल्लेखित मध्ये कुनै व्यवसाय गरी वडास्तरमा उदाहरणीय रुपमा व्यवसाय सञ्चालन गरी व्यवसायिक रुपमा गर्दै आएका वा गर्ने योजना तयार गरेका युवाहरु समेत यो अनुदान नीति भित्र पर्दछन् ।

नोटः यस कार्यक्रम तर्फ अनुदानका लागि कृषि सिंचाईका लागि पाइप, विद्युत मिटर, यन्त्रीकरण, सिंचाईका लागि ट्यांकी निर्माण र टनेल निर्माण जस्ता सामग्री खरिद तथा निर्माणमा लगानी हुनेछ । साथै अनुदान प्राप्त गर्नका लागि गाउँपालिकामा अनिवार्य रुपमा आफ्नो वा आफ्नो परिवारको नाममा व्यवसाय दर्ता गरेको हुनु पर्दछ भने दर्ता नभएको वा नगरेको हकमा बढीमा १ वर्ष अगाडिबाट उक्त व्यवसाय दर्ता गरी सञ्चालन गर्दै आएको भएमा पनि सो उद्यमी यस अनुदान कार्यक्रममा सहभागी हुन पाउनेछ ।

(ख) पशु पंक्षी पालन तर्फ

१) सामुहिक रुपमा बाख्रा, खरायो, बंगुर ,सुगुर, बँदेल, गाई, भैंसी तथा कुखुरा पालन व्यवसाय सञ्चालन गरी व्यवसायिक रुपमा व्यवसाय गर्दै आएका वा गर्ने कार्य

योजना पेश गरेका युवाहरु यो अनुदान नीति भित्र पर्दछन् ।

२) सामुहिक रुपमा १० वटा भन्दा बढी र एकल रुपमा भए ५ वटा भन्दा बढी बाख्रापालन, बंगुर, सुँगुर, बँदेल पालन भएमा, २ वटा भन्दा बढी गाई वा भैंसीपालन र २०० भन्दा बढी कुखुरा, हाँस जस्ता पंछी पालन व्यवसाय सञ्चालन गर्दै आएका वा गर्ने कार्य योजना पेश गरेका रिटर्नी युवाहरु यो अनुदान नीति भित्र पर्दछन् । यसरी उल्लेखित पशुपंक्षीहरुको गणना गर्दा माउ बनेका वा बन्न तयार भएकालाई सिफारिस समितिको निर्णय बमोजिम कायम हुनेछ ।

नोटः यस अनुदान तर्फ खोर तथा गोठ सुधार, यान्त्रीकरण, उन्नत पशु खरिद पहूँचको अवस्था सुधार जस्ता क्षेत्रमा लगानी गर्नु पर्नेछ । साथै अनुदान प्राप्त गर्नका लागि गाउँपालिकामा अनिवार्य रुपमा आफ्नो वा आफ्नो परिवारको नाममा व्यवसाय दर्ता गरेको हुनु पर्दछ ।

(ग) साना घरेलु उद्योग तर्फः

१) रिटर्नी युवाहरुले तालिम प्राप्त गरी घरेलु हस्तकला लगायत अन्य व्यवसाय जस्तैः ऊनी झोला, टोपी, मुडा निर्माण, अगरबत्ती उद्योग, मैन बत्ती उद्योग, बाँसको घरायसी सामान दालमोट, झुजिया तथा अचार उद्योग जस्ता स्थानीय कच्चा माल सामानबाट उत्पादित उद्योग पर्दछ ।

२) रिटर्नी युवाहरुले तालिम प्राप्त गरी सिलाई बुनाई व्यवसाय, सौन्दर्य व्यवसाय, छाला जुत्ता चप्पल उद्योग, फलामका भाडा निर्माण उद्योग, ग्रिल उद्योग, काष्ठ फर्निचर, कंक्रिट उद्योग, वर्कसप एवं ग्यारेज उद्योग र वातावरणमैत्री झोला

निर्माण जस्ता परम्परागत सामान उत्पादित उद्योग पर्दछ ।

नोटः यस अनुदान प्राप्त गर्नका लागि गाउँपालिकामा अनिवार्य रुपमा आफ्नो वा आफ्नो परिवारको नाममा व्यवसाय दर्ता गरेको हुनु पर्दछ भने दर्ता नभएको वा नगरेको हकमा कम्तिमा १ बर्ष अगाडिबाट उक्त व्यवसाय सञ्चालन गर्दै आएको भए तापनि व्यवसाय दर्ता गर्नु पर्दछ ।

(घ) व्यापार तथा व्यवसाय क्षेत्र तर्फः

१) गाउँपालिका क्षेत्र भित्र स–साना होटल व्यवसाय, किराना पसल, इलेक्ट्रीकल, इलोक्ट्रोनिक एवं मोवाइल मर्मत पसल, सिलाईकटाई पसल, स–साना कस्मेटिक पसल जस्ता व्यवसाय, तरकारी फलफूल पसल, माछा मासु पसल सञ्चालन गरेको वा गर्नका लागि कार्य योजना बनाई पेश भई गाउँपालिकामा व्यवसाय अनिवार्य दर्ता गर्नु पर्दछ ।

नोटः यस अनुदान प्राप्त गर्नका लागि गाउँपालिकामा अनिवार्य रुपमा आफ्नो वा आफ्नो परिवारको नाममा व्यवसाय दर्ता गरेको हुनु पर्दछ भने दर्ता नभएको वा नगरेको हकमा कम्तिमा १ वर्ष अगाडिबाट उक्त व्यवसाय सञ्चालन गर्दै आएको भए तापनि व्यवसाय दर्ता गर्नु पर्दछ ।

## परिच्छेद - ३
## लाभग्राहीमा सूचिकरण

५. लाभ ग्राहीमा सूचिकृत हुनुपर्नेः वैदेशिक रोजागरीबाट फर्केका व्यक्तिले निर्देशिका बमोजिम कार्यक्रममा सहभागी हुनका लागि लाभग्राहीमा सूचिकृत हुनु पर्नेछ ।

६. लाभ ग्राहीमा सूचिकृत हुने प्रक्रियाः दफा ५ बमोजिम लाभग्राहीमा सूचिकृत हुन चाहने वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले अनुसूची ७ बमोजिमको ढाँचामा रोजगार सेवा केन्द्र समक्ष निवेदन दिनुपर्नेछ ।

## परिच्छेद - ४

## अनुदान सहयोगको सिमा तथा आवश्यक कागजपत्रहरु सम्बन्धी व्यवस्था

७. अनुदान तथा लगानीको सिमाः

(क) वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई यो लक्षित अनुदान प्रदान गर्दा प्रति उद्यम वा प्रति रोजगार बढीमा रु. १ लाखसम्म बजेट उपलब्ध गराइने छ ।

(ख) रिटर्नी युवा उद्यमशीलता सहयोग कार्यक्रमको अनुदान प्रदान गर्दा दलित, जनजाति, अल्पसंख्यक, खस आर्य गरिव तथा पिछाडिएका वर्ग र क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

(ग) व्यवसायी युवाहरुलाई अनुदान प्रदान गर्दा अनिवार्य रुपमा स्थलगत निरीक्षण गरी वडा कार्यालयले सिफारिस गर्नु पर्नेछ ।

(घ) यसरी सहयोग एवं अनुदान प्रदान गर्दा स्वयं रोजगारदाताको बैंक खातामा रकम हस्तान्तरण गरिनेछ । नगदको रुपमा सहयोग उपलब्ध गराइने छैन ।

(ङ) गाउँपालिकाद्वारा प्रदान गरिएको सहयोग रकमबाट आफूले खर्च गरेको वस्तु वा सामानको बिल भरपाई सहयोग प्राप्त गर्दाका बखत अनिवार्य रुपमा पेश गरेर मात्र सहयोग प्रदान गरिने छ ।

(च) आफू वैदेशिक रोजगारमा रही कार्य गर्दा आफूले प्राप्त गरेको सीप विकासको प्रमाण पत्र पेश गरी सोही पेशा व्यवसाय सञ्चालन गर्ने युवालाई थप प्रोत्साहन उपलब्ध गराइनेछ ।

(छ) गाउँपालिकामा सञ्चालन भएको सुरक्षित आप्रवासन (सामी) कार्यक्रम वा आप्रवासी कामदार हकहित संरक्षण केन्द्रको सदस्य प्राप्त गरी सिफारिस भई आउनु पर्नेछ ।

(ज) यस अनुदान प्राप्त गर्नका लागि वैदेशिक रोजगारबाट फर्केको १० वर्ष भन्दा बढी अवधिकोलाई यस कार्यक्रममा समावेश गरिने छैन । तर १ वर्षभन्दा बढी समयदेखि निरन्तर व्यवसाय गर्दै आएको रहेछ भने व्यवसाय प्रवर्द्धनका लागि अनुदान दिन सकिने छ ।

तर माथि जेसुकै कुरा लेखिएको भए तापनि देवघाट गाउँपालिकाले विगतदेखि नै असुलउपर गर्नुपर्ने लाभग्राही (फर्म, व्यक्ति वा संघसंस्था) भाका नाघेको भएमा यस अनुदान कार्यक्रममा समावेश गरिनेछैन ।

८. अनुदान प्राप्त गर्नका लागि आवश्यक कागज पत्रहरुः

(क) व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

(ख) रोजगारदाताको शैक्षिक योग्यता तथा नेपाली नागरिकता प्रमाण पत्र प्रतिलिपि ।

(ग) व्यवसाय गर्ने जग्गाको लालपूर्जा एवं जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपि वा करार सम्झौता पत्र ।

(घ) तालिम प्राप्त गरेको भए तालिमको प्रमाण पत्रको प्रतिलिपि ।

(ङ) वडा समितिको सहयोग प्रदान गर्ने उपयुक्त भएको सिफारिस ।

(च) गाउँपालिकाद्वारा तयार गरिएको निश्चित ढाँचाको निवेदन फाराम ।

(छ) आफूले गर्न चाहेको उद्यमशीलताको कार्य योजना ।

(ज) वैदेशिक रोजगारमा गएको पासपोर्टको प्रतिलिपि ।

## परिच्छेद - ५

## अनुदान प्रदान गर्ने विधि एवं शर्तशरु सम्बन्धी व्यवस्था

९. प्रस्ताव आह्वानः

(क) २५ वर्ष पूरा भई ५० वर्ष ननाघेका वैदेशिक रोजगारबाट फर्केका इच्छुक लाभग्राहीहरुको लागि स्थानीय सञ्चार माध्यम, पत्र–पत्रिकामा १५ दिनको सूचना प्रकाशित गरी अनुसूची २ बमोजिमको ढाँचामा गाउँपालिकमा पेश गर्ने गरी प्रस्ताव आह्वान गरिनेछ ।

(ख) सूचना सार्वजनिक भएको १५ दिन भित्र कार्यक्रममा सहभागी हुन चाहने लाभग्राहीले अनुसूची ३ बमोजिमको ढाँचामा कार्ययोजना तयार गरी संक्षिप्त कार्य योजनामा आफूले गर्न चाहेको काम, पेशा, व्यवसाय, अनुमानित लागत, थप रकम आवश्यक पर्ने भए त्यसको श्रोत, सम्भावित आय समेत खुलाएर वडा अध्यक्षको सिफारिस सहित अनुसूची १ बमोजिम आवेदन दिनुपर्नेछ ।

(ग) त्यस्तो निवेदन उपर आवश्यक छानविन गरी उचित ठहरिएका निवेदक युवाहरुलाई सामुहिक रुपमा भेला गरी कार्यक्रमको उद्देश्य र सञ्चालन विधिबारे जानकारी तथा अभिमुखीकरण प्रदान गरिनेछ ।

(घ) तोकिएको संख्या भन्दा बढि आवेदन पर्न आएमा उद्यमशीलताको कार्ययोजनाको प्राथमिकताका आधारमा अनुदान दिईनेछ ।

(ङ) यस कार्यक्रम अन्तर्गत सहभागी लाभग्राहीले परियोजना यसै गाउँपालिका भित्र मात्रै सञ्चालन गर्न पाउनेछन् ।

(च) पालिकाबाट एकपटक आर्थिक अनुदान लिई सकेका व्यक्ति वा परिवार यो योजनामा समेल हुन पाउने छैनन् ।

(छ) गाउँ कार्यपालिकाबाट सदर भए पश्चात निज व्यवसायी तथा उद्यमीसँग सम्झौता गरी निजहरुको कार्य प्रगतिको आधारमा एकै वा दुई किस्तामा अनुदान रकम प्रदान गरिनेछ । व्यवसायको अनुगमन गरी उपयुक्त देखिएमा एकै किस्तामा समेत सहयोग रकम उपलव्ध गराउन बाधा पर्ने छैन । उद्यमी तथा व्यवसायीसँग गरिने कार्यक्रम सम्झौताको ढाँचा अनुसूची ४ तथा उद्यमीले पठाउने कार्यप्रगति विवरणको ढाँचा अनुसूची ६ बमोजिम हुनेछ ।

१०. अनुदान सम्बन्धी अन्य शर्तहरुः

(क) गाउँपालिकाद्वारा प्रदान गरिएको अनुदान रकमको उद्देश्य विपरीत खर्च गरेमा वा रकमको दुरुपयोग गरेको अनुगमनको क्रममा देखिएमा आफूले प्राप्त गरेको अनुदान रकमको नियमानुसार ब्याज सहित रकम फिर्ता गर्नु पर्नेछ वा सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

(ख) कुनै पनि अनुदान प्राप्त गर्ने व्यवसायीले अनुदान प्राप्त गरे पश्चात उक्त व्यवसाय निरन्तर रुपमा कम्तिमा तीन वर्ष सम्म सञ्चालन गर्नुपर्नेछ ।

(ग) अनुदान प्राप्त गर्नका लागि गाउँपालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गरेको हुनु पर्नेछ । तर ५ वर्षभन्दा बढी अवधि अस्थायी रुपमा बसोवास गरेको प्रमाण (विद्युत, खानेपानी, टोल विकास संस्थाको सिफारिस) पेश गरेमा यस सहयोग कार्यक्रममा सहभागी गराउन बाधा पर्नेछैन ।

(घ) यस सहयोग कार्यक्रम गाउँपालिकाका रिटर्नीहरुलाई प्रदान गर्दा सामान्यतया सबै वडाहरुलाई समेट्ने गरी माग निवेदन संख्याको आधारमा छनौट गरी समानुपातिक रुपमा सहयोग उपलब्ध गराइने छ ।

## परिच्छेद - ६
## कार्यक्रम कार्यान्वयन समिति सम्बन्धी व्यवस्था

११. कार्यक्रम कार्यान्वयन समिति सम्बन्धीः

(१) अनुदान उपलव्ध गराउन वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकीकरण कार्यक्रम सञ्चालन तथा व्यवस्थापन निर्देशिका २०७९ को दफा १९ ले तोकेबमोजिमको एक कार्यक्रम कार्यान्वयन समिति रहनेछ र सो समितिको गठन देहाय बमोजिम हुनेछ ।

(क) देवघाट गाउँपालिकाको उपाध्यक्ष – संयोजक

(ख) अध्यक्षले तोकेको गाउँकार्यपालिकाको सदस्य एक जना – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) स्थानीय तहमा कार्यरत गैरसरकारी संस्थामध्येबाट संयोजकले तोकेको एक जना प्रतिनिधि – सदस्य

(ङ) वैदेशिक रोजगारीमा गई कम्तिमा २ वर्ष काम गरी स्वदेश फर्केका र सम्बन्धित स्थानीय तहमा बसोबास गर्दै आएका व्यक्तिहरु मध्येबाट संयोजकले तोकेको एक जना – सदस्य

(च) रोजगार संयोजक – सदस्य सचिव

(२) आवश्यक व्यक्ति तथा शाखा/इकाईलाई आमन्त्रण गर्न सकिनेछ ।

१२. समितिको काम कर्तव्य र अधिकारः (१) दफा ५ बमोजिम सूचिकृत लाभग्राहीको विवरणका आधारमा सञ्चालन गर्न सकिने कार्यक्रमको पहिचान गरी प्राथमिकीकरण गर्ने,

(२) अन्य संस्था वा निकायले सञ्चालन गरेका कार्यक्रमसँग दोहोरो नपर्ने गरी कार्यक्रम छनौट गर्ने,

(३) देवघाट गाउँपालिकामा कार्यरत गैरसरकारी संस्था सँग कार्यक्रम सञ्चालनका लागि समन्वय गर्ने,

(४) कार्यक्रम कार्यान्वयनका लागि पालिकाभित्र रहेका बैक तथा बित्तीय संस्थासँग समन्वय गर्ने,

(५) प्रभावकारी रुपमा कार्यक्रम कार्यान्वयन गर्ने,

(६) कार्यक्रम सम्पन्न भए पछि निर्देशिकाको अनुसूची–३ बमोजिमको ढाँचामा प्रगति प्रतिवेदन तयार गरी कार्यक्रम समन्वय समिति समक्ष पेश गर्ने ।

१३. अनुगमन सम्बन्धी व्यवस्थाः अनुदान प्राप्त गरी उद्यमी बनेका लाभग्राहीहरुले अनुदान रकमको दुरुपयोग गरे नगरेको विषयमा अनुगमन गर्नका लागि तपसिल बमोजिमको अनुगमन समिति गठन गरिनेछ ।

क) गाउँपालिका उपाध्यक्ष वा निजले तोकेको व्यक्ति एक जना – संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत वा योजना शाखा – सदस्य

ग) उद्यमी रहेको वडाका वडा अध्यक्ष – सदस्य

घ) सामी कार्यक्रम फोकल पर्सन – सदस्य

ङ) रोजगार संयोजक – सदस्य

१४. विविधः

१) प्रस्ताव मूल्याँकन तथा छनौट गर्ने प्रयोजनका लागि प्रस्ताव मूल्याँकन गरी कार्यक्रम कार्यान्वयन समितिमा सिफारिस गरी पठाउन प्रस्ताव मूल्याँकन समितिमा देहाय बमोजिमका सदस्य रहनेछन् ।

क) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

ख) प्रशासन शाखा प्रमुख – सदस्य

ग) विषय विज्ञ – सदस्य

घ) सम्बन्धित शाखा प्रमुख – सदस्य सचिव

२) मूल्याँकन समितिले उद्यमी तथा सीपमूलक तालिम/कार्यक्रमका लागि छनोट गर्दा अपनाईने मूल्याँकनका आधारहरु अनुसूची ५ मा निर्धारित भए बमोजिम हुनेछ ।

## अनुसूची – १
## दफा ९ को (ख) सँग सम्बन्धित
## अनुदान सहयोगका लागि दिइने आवेदन–पत्र

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
देवघाट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहूँ ।

विषयः अनुदान सहयोग उपलव्ध गराइदिने बारे ।

महोदय

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी .............................................. कार्य गर्न तिव्र इच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित गाउँपालिकाभित्रै रही कार्य गर्नेछु , नगरेमा नियमानुसार कारबाही गरेमा मेरो मञ्जुरी छ ।

तपसिल

१. अनुसूची ३ बमोजिमको संक्षिप्त कार्ययोजना
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
३. व्यवसाय दर्ता प्रमाण पत्र
४. पासपोर्टको प्रतिलिपि
५. कार्यक्रम कार्यान्वयन गर्ने प्रतिवद्धता पत्र
६. आप्रवासी कामदार हकहित संरक्षण केन्द्रको सदस्यता प्रमाण पत्र
७. वडा कार्यालयको सिफारिस पत्र
८ अन्य (तालिम,शैक्षिक योेग्यताको प्रमाण पत्र, अनुभव, जग्गा धनी प्रमाणपूर्जा वा जग्गा भाडा सम्झौता पत्र ।

निवेदक
नामः
दस्तखतः
ठेगानाः

## अनुसूची–२
## दफा ९ को (क) सँग सम्बन्धित
## कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित सूचना

यस कार्यालयको आ.व. ...... को वार्षिक कार्यक्रम अनुसार वैदेशिक रोजगारीबाट फर्किएका उद्यमशील युवाहरुलाई अनुदान प्रदान गरिने कार्यक्रम रहेको हुँदा इच्छुक २५ देखि ५० वर्ष उमेर ननाघेका वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुले आवेदन पेश गर्ने गरी यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुपर्नेछ ।

पुनश्चः आवेदन साथ तापसिल अनुसारका कागजातहरु संलग्न गर्न समेत सूचित गरिन्छ ।

१. अनुसूची १ अनुसारको आवेदन फाराम
२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. व्यवसाय दर्ता प्रमाण पत्र
५. पासपोर्टको प्रतिलिपि
६. कार्यक्रम कार्यान्वयन गर्ने प्रतिवद्धता पत्र
७. देवघाट आप्रवासी कामदार हकहित संरक्षण केन्द्रको सदस्यता पत्र
८. अन्य (तालिम,शैक्षिक योेग्यताको प्रमाण पत्र, अनुभव, जग्गा धनी प्रमाणपूर्जा,वा जग्गा भाडा सम्झौता पत्र ।

थप जानकारीका लागि देवघाट गाउँपालिकामा सम्पर्क गर्न सकिनेछ ।

## अनुसूची – ३
## दफा ९ को (ख) सँग सम्बन्धित
## अनुदान प्राप्त गर्नका लागि पेश गरिने संक्षिप्त व्यवसायिक कार्ययोजना

लाभग्राहीको नाम
सम्पर्क नं.
ठेगानाः
व्यवसायिक हुन गरिने पेशा/ व्यवसायको कार्य विवरण

| सि.नं. | सञ्चालन गरिने क्रियाकलाप | अपक्षित अनुदान रु. | निजी लगानी रु. | जम्मा लगानी रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

पेशा व्यवसाय गर्ने व्यवासायीले न्युनतम अनुदान रकम बराबरको रकम प्रस्तावित योजनामा समावेश गर्नुपर्नेछ ।

१. पेशा/व्यवसायको किसिमः
२. पेशा/व्यवसायको कूल लागत
३. पेशा/ व्यवसायबाट लाभान्वित परिवार संख्याः
४. पेशा/व्यवसाय गरेको कूल जग्गाको कूल क्षेत्रफल
५. पेशा/ व्यवसायमा प्रयोग हुने प्रविधि
६. पेशा/व्यवसायको लागि श्रमको व्यवस्थापनः
   क. पारिवारिकः महिला संख्या.................. पुरुष संख्या .......................
७. उत्पादित बस्तुको बजारः
८. अपेक्षित वार्षिक प्रतिफल

अनुदान प्राप्त गर्नेको तर्फबाट सहि गर्नेः
नामः
दस्तखतः
छापः
मिति

# अनुसूची – ४
## दफा ९ को (छ) सँग सम्बन्धित
## कार्यक्रमको सम्झौता – पत्र

अनुदान प्राप्त गर्ने लाभग्राहीसँग कार्यक्रम सञ्चालनको लागि गरिने सम्झौता–पत्र देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तनहूँ (यस पछि प्रथम पक्ष भनिने) विशिष्टताको आधारमा छनौट भएका श्री ............................................... (यस पछि दोस्रो पक्ष भनिने) बीच देहायका शर्तका अधिनमा रहि वैदेशिक रोजगारबाट फर्किएका उद्यमशील युवाहरुलाई प्रदान गरिने अनुदान कार्यक्रम सञ्चालनका लागि द्विपक्षीय सम्झौता गरी एक एक प्रति बुझिलियौँ ।

**शर्तहरु**

१. प्रथम पक्षले दोस्रो पक्षलाई व्यवसाय सञ्चालनको लागि कार्ययोजना अनुसार कार्य प्रगतिको आधारमा एकै वा दुई किस्तामा अनुदान रकम प्रदान गरिनेछ साथै अनुदान रकम रु. ......... (अक्षरुपी ................................. मात्र) हुनेछ ।

२. दोस्रो पक्षले अवलम्बन गर्ने पेशा व्यवसाकोलागि आवश्यक प्राविधिक जानकारी प्राप्त गरी आफूले आवेदन गरे अनुसारको ............................. व्यवसाय सञ्चालन गर्नेछ ।

३. प्रथम पक्षले नियमित रुपमा व्यवसाय सञ्चालन गरे नगरेको अनुगमन गर्नेछन् ।

४. यस सम्झौतामा उल्लेखित काम गर्दा आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप तथा अन्य आकस्मिक विपद्मा प्रथम पक्ष जिम्मेवार हुनेछैन ।

५. प्रथम पक्षद्वारा प्रदान गरिएको अनुदान रकमको उद्देश्य विपरीत खर्च गरेमा वा रकमको दुरुपयोग गरेको अनुगमनको क्रममा देखिएमा दोस्रोले प्राप्त गरेको अनुदान रकमको नियमानुसार ब्याज सहित रकम फिर्ता गर्नु पर्नेछ वा सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ ।

६. दोस्रो पक्षले अनुदान प्राप्त गरे पश्चात उक्त व्यवसाय निरन्तर रुपमा कम्तिमा ३ वर्ष सम्म सञ्चालन गर्नुपर्नेछ ।

७. यस कार्यक्रम अन्तर्गत दोस्रो पक्षले तोकिएको परियोजना देवघाट गाउँपालिका क्षेत्रभित्र मात्र सञ्चालन गर्नुपर्नेछ ।

८. दोस्रो पक्षले प्रथम पक्षलाई त्रैमासिक रुपमा अनुसूची ६ बमोजिमको ढाँचामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

९. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

| देवघाट गाउँपालिका (प्रथम पक्ष) को तर्फबाट | दोस्रो पक्षको तर्फबाटः |
|---|---|
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| सम्पर्ख नं. | सम्पर्ख नं. |
| कार्यालयको छापः | कार्यालयको छापः |

## अनुसूची – ५
## दफा १४ को उपदफा (२) सँग सम्बन्धित
## उद्यमी तथा सीपमूलक तालिम/कार्यक्रमको लागि छनौट गर्दा अपनाइने मूल्याँकनका आधारहरु

| सिं. नं. | दर्ता | आवेदकको नाम | ठेगाना | प्रस्तावित कार्ययोजना (३०) | पेशा व्यवसायको सम्भाव्यता उपयुक्तता (२०) | अनुभ / तालिम (२) | महिला (१०) | स्थानीय स्रोत साधन र प्रविधिमा आधारित (२०) | कुल प्रासाङ्क (१००) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

मूल्यांकन समितिका पदाधिकारीको

नामः
पदः
दस्तखतः
मितिः

नामः
पदः
दस्तखतः
मितिः

नामः
पदः
दस्तखतः
मितिः

नामः
पदः
दस्तखतः
मितिः

**अनुसूची – ६**

**दफा ९ को (छ) सँग सम्बन्धित**

**उद्यमीले पठाउने प्रगति विवरणको ढाँचा**

१. उद्यमीको
नाम
ठेगाना
३. आ.व. .......

२. सञ्चालित पेश व्यवसायको
नाम
ठेगाना

४. प्रगति प्रतिवेदन अवधि

| **सिं.नं.** | **कार्य विवरण** | **लक्ष्य** | **प्रगति** | **आइपारेका बाधा** | **समाधानको लागि सुझाव** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रति इकाई उत्पादित पदार्थ/बस्तुको स्थानीय बजारको बिक्री मूल्यः

१. .....................................

२. ...............................

३. .........................

उद्यमीको नामः
पद
दस्तखत
मिति
ठेगाना

## अनुसूची – ७
## दफा ६ सँग सम्बन्धित
## लाभग्राहीमा सूचिकृत हुनका लागि दिने निवेदनको ढाँचा

श्रीमान रोजगार संयोजक ज्यू
रोजगार सेवा केन्द्र

विषयः लाभग्राहीमा सूचिकृत गरी पाउँ ।

उपरोक्त विषयमा म ......... वैदेशिक रोजगारीको क्रममा .................. देश गई .................. रोजगारीमा गई........... सीप ज्ञान हाँसिल गरी नेपाल फर्की पुनःएकीकरण कार्यक्रममा सहभागी हुन ईच्छुक भएकोले लाभग्राहीमा सूचिकृत हुनका लागि यो निवेदन पेश गरेको छु ।

(क) निवेदकको

(१) नाम थरः ..............................................
(२) स्थायी ठेगानाः ..............................................
(३) हालको ठेगानाः ..............................................
(४) राहदानी नः ..............................................
(५) नागरिकता नं. ................................
(६) श्रम स्वीकृति लिएको मितिः
(७) काम गर्न गएको मितिः ..............................................
(८) रोजगारीका लागि गएको देशः ..........................
(९) सहजीकरण गर्ने वैदेशिक रोजगार व्यवसायीको नामः ..................
(१०) नेपाल फर्किएको मितिः .........................................
(११) रोजगारीको प्रकारः .........................................
(१२) हासिल गरेको ज्ञान सीपः ................................................
(१३) करार अवधिः ..................................................
(१४) सहभागी हुन इच्छुक पुनःएकीकरण कार्यक्रमको प्रकार
(१५) मनोसामाजिक परामर्श आवश्यक पर्ने/नपर्नेः ...

(ख) बाबु/ आमाको नामः–

(ग) संलग्न कागजातहरु

माथि पेश गरेको विवरण ठीक साँचो हो । फरक पर्न गएमा कानून बमोजिम सहूँला बुझाउँला ।

निवेदकको नामः

ठेगाना

दस्तखतः

मितिः

सम्पर्क नं

| दायाँ | बाँया |
|---|---|
| | |

आज्ञाले

रमेश सुवेदी

प्रमुख प्रशासकीय अधिकृत